# निक्षेप तथा कर्जा सुरक्षण कोष

## Deposit & Credit Guarantee Fund

(नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित)

"ऋण र धन, दुबैको सुरक्षण"

अंक ६ वर्ष ३ (कार्तिक २०८२)

निक्षेप तथा कर्जा सुरक्षण कोषको अर्धवार्षिक बुलेटिन


# लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ बारे संक्षिप्त जानकारी

लघुवित्त तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्यम कर्जा र कृषि कर्जा सुरक्षण योजना अन्तर्गत सदस्य संस्थालाई उपलब्ध दाबी भुक्तानी सुविधामा ऋणी तथा व्यवसायमा संलग्न मुख्य व्यक्तिको मृत्यु वा स्थायी अशक्तता भई परियोजना नष्ट भई कर्जा असूल हुन नसक्दा अतिरिक्त दाबी भुक्तानी रकम उपलब्ध हुने व्यवस्था गरी सदस्य संस्थालाई लघु कर्जा प्रवाह गर्न प्रोत्साहित गर्ने उद्देश्यले, कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३५ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी निक्षेप तथा कर्जा सुरक्षण कोषले देहायको लघुकर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ बनाई लागू गरेको छ ।




**सुरक्षण हुने कर्जाको क्षेत्र र रकमको सीमा:**

सदस्य संस्थाले देहायको क्षेत्रमा प्रवाहित दश लाख रुपैयाँ सम्मको कर्जाको यस योजना बमोजिम अतिरिक्त सुरक्षण गर्न सक्नेछ :

(क) लघुवित्त तथा विपन्न वर्ग,

(ख) साना तथा मझौला उद्यम,

(ग) कृषि,

(घ) कोषले सञ्चालन गरेको अन्य योजनामा उल्लिखित क्षेत्र वा व्यवसाय।

माथि उल्लिखित क्षेत्र वा व्यवसाय भन्दा अन्य क्षेत्र वा व्यवसायमा प्रवाहित कर्जाको यस योजना बमोजिम सुरक्षण हुने छैन ।

**सुरक्षण शुल्क:**

- यस योजना बमोजिम कर्जाको अतिरिक्त सुरक्षण वापत सदस्य संस्थाले दफा ४ मा उल्लिखित क्षेत्रसँग सम्बन्धित कोषका सुरक्षण कार्यक्रम अन्तर्गत बुझाउने वार्षिक सुरक्षण शुल्क (सहुलियत बाहेक)मा थप ०.१५ प्रतिशत कोषमा बुझाउनु पर्नेछ ।

>>> पृष्ठ ४ मा क्रमश:

## यस भित्र


- सम्पादकीय
- बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालय र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच समझदारीपत्रमा हस्ताक्षर
- कोषको सञ्चालक समिति सदस्यमा परिवर्तन
- संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम (UNDP) को आयोजनामा बैंककमा सम्पन्न सम्मेलनमा कोषका प्र.का.अ.को सहभागीता
- कोषको विभिन्न रिक्त पदको नतिजा प्रकाशन तथा अवकाश
- नयाँ कर्जा सुरक्षण कार्यक्रम अभिमुखीकरण तालिम
- बाह्य तालिम कार्यक्रमा सहभागिता
- Knowledge Exchange Program मा सहभागीता
- अनुभव साटासाट कार्यक्रममा सहभागिता
- पुरुष फुटसल तथा महिला ब्याडमिन्टन प्रतियोगिता सञ्चालन
- पत्रपत्रिकाबाट

## सम्पादकीय

आर्थिक वर्ष २०८१/८२ को आषाढ मसान्तसम्ममा ५५ बैंक तथा वित्तीय संस्थाहरुमा रहेको ५ करोड ७१ लाख ३५ हजार प्राकृतिक निक्षेपकर्ताहरुको रु. १५ खर्ब ७९ अर्ब ५ करोड २४ लाख निक्षेप रकम कोषमा सुरक्षण भएको छ । यस आ.व. २०८१/०८२ को सुरक्षण रकमको वार्षिक लक्ष्य १५ खर्ब २० अर्ब रहेकोमा १५ खर्ब ७९ अर्ब निक्षेपको सुरक्षण भई वार्षिक लक्ष्यको १०३.८९ प्रतिशत लक्ष्य हासिल भएको छ । अघिल्लो आर्थिक वर्षको आषाढ मसान्तको निक्षेप सुरक्षण रकम रु. १४ खर्ब ३० अर्बको तुलनामा १० प्रतिशतले वृद्धि भएको देखिन्छ । यस आर्थिक वर्षमा सुरक्षण शुल्कको वार्षिक लक्ष्य रु.२ अर्ब ४३ करोड २० लाख रहेकोमा रु. २ अर्ब ४३ करोड २७ लाख सुरक्षण शुल्क प्राप्त भई वार्षिक लक्ष्यको १०० प्रतिशत लक्ष्य हासिल भएको छ । अघिल्लो आर्थिक वर्षको आषाढ मसान्तको निक्षेप सुरक्षण शुल्क रकम रु. २ अर्ब १७ करोड ७२ लाखको तुलनामा १२ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्त सम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई ४,३५५ जना कृषकहरुले खरीद गरेको ९,१४१ वटा पशुधनहरुको रु.४७ करोड २७ लाख ५० हजार बराबरको पशुधन कर्जा कोषमा सुरक्षण भई रु.२ करोड ३६ लाख ३८ हजार सुरक्षण शुल्क आम्दानी भएको छ। यस अवधिमा २९९ पशुपालक कृषकको ३२८ पशुधनको रु.१ करोड ६८ लाख ९७ हजार दावी भुक्तानी गरेको छ ।

आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्त सम्ममा साना तथा मझौला उद्यम कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ४ वटा सदस्य संस्थाबाट ८,३३९ ऋणीमा लगानी भएको रु. १९ अर्ब ६७ करोड ३९ लाख ७७ हजार बराबरको कर्जा सुरक्षण भएको छ । यस अवधिमा १८ जना ऋणीको रु. ४ करोड ९ लाख ५७ हजार दावी र कम भुक्तानी गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्त सम्ममा कृषि कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १४,०२२ ऋणीको रु. १५ अर्ब ४ करोड ८३ लाख ५० हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ । यस अवधिसम्ममा ५ जना ऋणीको २ करोड ३५ लाख दावी भुक्तानी गरिएको छ। आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्त सम्ममा लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १५,८७,९१६ ऋणीको रु. २ खर्ब ७४ अर्ब ७ करोड ५१ लाख ४४ हजार रकम कोषमा सुरक्षण भएको छ। यस अवधिमा ७,०१७ ऋणीको रु. ३० करोड ७२ लाख ६ हजार प्रथम किस्ता र ५७०० जना ऋणीको रु.९ करोड ९६ लाख २ हजार दोस्रो किस्ता गरी जम्मा रकम रु.४० करोड ६८ लाख ८ हजार दावी भुक्तानी गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्तसम्ममा सहुलियतपूर्ण कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत ५९,८६० जना ऋणीलाई प्रवाह भएको रु. २१ अर्ब ९४ करोड ६१ लाख ४१ हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ । यस अवधिमा १२० जना ऋणीको रु. २ करोड ४५ लाख २० हजार दावी भुक्तानी गरिएको छ ।

आर्थिक वर्ष २०८१/८२ आषाढ मसान्तसम्ममा स्टार्टअप कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत १६८ जना ऋणीलाई प्रवाह भएको रु. १६ करोड ३६ लाख ३७ हजार कर्जा रकम कोषमा सुरक्षण भएको छ । यस अवधिमा यस शिर्षकमा कुनै दावी रकम भुक्तानी गरिएको छैन ।

कोषले संचालन गरेका कर्जा सुरक्षण कार्यक्रमहरु मध्ये लघुवित्त तथा विपन्न वर्ग, साना तथा मझौला उद्यम कर्जा र कृषि कर्जासँग सम्वन्धित कार्यक्रमहरु मात्र प्रभावकारी रहेको छ भने, अन्य सुरक्षण कार्यक्रमहरु प्रति पनि बैंक/वित्तीय संस्थाहरुको आकर्षण बढेको देखिएको छ । प्रचलनमा रहेका सुरक्षण कार्यक्रमहरुमा थप बैंक/वित्तीय संस्थाहरुलाई आवद्ध गराउन त्यस्ता कार्यक्रमहरुको सम्बन्धमा समिक्षा हुनुपर्ने देखिन्छ भने मौजुदा कार्यक्रमहरुमा समयानुकुल परिमार्जन गरी बैंक/वित्तीय संस्थाहरुको सुरक्षण आवश्यकतालाई उपयुक्त तवरले सम्बोधन गर्न कोष क्रियाशील रहेको छ ।


## केन्द्रीय कार्यालय, काठमाडौं
फोन नं.: ०१-४५२१२४१
०१-४५१०१२७
info@dcgf.gov.np
www.dcgf.gov.np

## मुख्य शाखा कार्यालय, काठमाडौं
फोन नं.: ०१-५९७०७७५
kathmandu@dcgf.gov.np

## शाखा कार्यालयहरु:

### कोशी प्रदेश, बिराटनगर
फोन नं.: ०२१-४६४१२४
biratnagar@dcgf.gov.np

### मधेश प्रदेश, जनकपुर
फोन नं.: ०४१-५९०५२७
janakpur@dcgf.gov.np

### बागमती प्रदेश, भरतपुर
फोन नं.: ०५६-४९३८२८
bharatpur@dcgf.gov.np

### गण्डकी प्रदेश, पोखरा
फोन नं.: ०६१-५८८६६९
pokhara@dcgf.gov.np

### लुम्बिनी प्रदेश, बुटवल
फोन नं.: ०७१-४१५१६२
butwal@dcgf.gov.np

### कर्णाली प्रदेश, सुर्खेत
फोन नं.: ०८३-४१२११३
surkhet@dcgf.gov.np

### सुदुरपश्चिम प्रदेश, धनगढी
फोन नं.: ०९१-५२५०००
dhangadhi@dcgf.gov.np

# बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालय र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच समझदारीपत्रमा हस्ताक्षर



निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापना गरिएको निक्षेप तथा कर्जा सुरक्षण कोषमार्फत सूचना प्रविधि (आइटी) क्षेत्रमा करिब ५ सय जनालाई रोजगारी दिने उद्देश्यका साथ बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालय र कोष बीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनको उपस्थितिमा श्रम मन्त्रालयका सचिव वीरेन्द्रदेव भारती र सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले मिति २०८२/०१/२८ मा उक्त समझदारी पत्रमा हस्ताक्षर गर्नुभएको थियो । समझदारी अनुसार कोषले कक्षा १२ पास गरेका युवाहरुलाई आईटी सम्बन्धी सीप विकास तालिम प्रदान गर्नेछ । साथै, उनीहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने र आईटी क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारीका अवसर सिर्जना गर्नेछ । योजना अनुसार कोषले रोजगारीमुखी सीप विकास तालिम कर्जा सुरक्षणका लागि आवश्यक बैंक तथा वित्तीय संस्थाको छनौट गरी सम्झौता गर्नेछ । ती संस्थाहरुको विवरण सूचना प्रविधि प्रणालीमार्फत् अद्यावधिक गरिनेछ । यसैगरी सुरक्षण योगदानकर्ताले रोजगारीमुखी सीप विकास तालिम कर्जा सुरक्षण कोष नामक छुट्टै कोष स्थापना गर्नेछन् । उक्त कोषमा कर्जाको १० प्रतिशत रकम जम्मा गरिनेछ । यही कोषबाट त्रैमासिक सुरक्षण शुल्क संकलन गरिने र कर्जामा क्षति भएमा क्षतिपूर्ति भुक्तानी गरिने व्यवस्था गरिएको छ । वैदेशिक रोजगारीका लागि जाने क्रम न्यूनीकरण गरी देशमै अवसरको सिर्जना गर्न यस समझदारीमा हस्ताक्षर गरिएको हो ।

## कोष सञ्चालक समिति सदस्यमा परिवर्तन



नेपाल सरकार माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री स्तरको मिति २०८२।०२।०४ गतेको निर्णय अनुसार कोषको सञ्चालक समितिको अध्यक्षको पदमा नेपाल सरकार अर्थ मन्त्रालयका राजश्व सचिव श्री दिनेश कुमार घिमिरे नियुक्त हुनुभएको छ । यस अघि उक्त स्थानमा महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक डा.गणेशप्रसाद पाण्डेयले प्रतिनिधित्व गर्नु भएको थियो ।



नेपाल सरकार अर्थमन्त्री स्तरको मिति २०८२।०६।२१ गतेको निर्णय अनुसार कोषको सञ्चालक समितिको अध्यक्षको पदमा महालेखा नियन्त्रक कार्यालयका महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेल नियुक्त हुनुभएको छ । यस अघि उक्त स्थानमा नेपाल सरकार अर्थ मन्त्रालयका राजश्व सचिव श्री दिनेश कुमार घिमिरेले प्रतिनिधित्व गर्नु भएको थियो ।

<<< पृष्ठ १ बाट क्रमशः

- वार्षिक सुरक्षण शुल्क बुझाउदा प्रति त्रयमास एक चौथाइका दरले त्रयमासिक रुपमा त्रयमास समाप्त भएको दश दिनभित्र कोषमा बुझाउनु पर्नेछ ।
- सुरक्षण शुल्कको गणना गर्दा त्रयमासको अन्त्यमा भुक्तानी हुन बाँकी कर्जाको साँवा र ब्याजको कुल रकममा गर्नु पर्नेछ ।
- सुरक्षण शुल्क कर्जाको क्षतिपूर्ती भुक्तानी दाबी मिति वा अन्तिम भुक्तानी मिति जुन पहिले हुन्छ सो मिति पश्चात बुझाउनु पर्ने छैन।
- सुरक्षण शुल्क नियमित नबुझाएमा कर्जाको सुरक्षण हुने छैन।
- सुरक्षण शुल्क बुझाउन छुट भएमा सदस्य संस्थाले त्यसरी छुट भएको मितिबाट छ महिना भित्र छुट सुरक्षण शुल्क बुझाउन सक्नेछन्।

**योजना लागु हुने:**

- सम्झौता पश्चात सदस्य संस्थाबाट दफा ४ मा उल्लिखित क्षेत्र वा व्यवसायमा प्रवाहित सम्पूर्ण कर्जा (पोर्टफोलियो) मा योजना लागु हुनेछ ।
- जुनसुकै कुरा लेखिएको भएतापनि सदस्य संस्थाले दफा ३ बमोजिम कोषसँग सम्झौता गर्नुअघि कोषको सुरक्षणमा रहेको असल वर्गमा बर्गिकृत र अन्तिम भुक्तानी म्याद कम्तिमा ६ महिना बाँकी रहेको सम्पूर्ण कर्जा (पोर्टफोलियो)मा समेत यो योजना लागु हुनेछ ।

**ग्राहक पहिचान विवरण राख्नु पर्ने:**

- यस योजना बमोजिम अतिरिक्त सुरक्षण प्रयोजनकालागि सदस्य संस्थाले कर्जा प्रवाह गर्नु अगावै अनुसूची-४ बमोजिमको ग्राहक पहिचान विवरण तयार गरि सम्बन्धित कर्जा फाइल साथै राख्नु पर्नेछ ।
- माथिको विवरणमा कुनै परिवर्तन भएमा सदस्य संस्थाले अद्यावधिक गर्नु पर्नेछ ।
- माथिको विवरणमा उल्लेख भएको ऋणी, प्रोपराइटर, मुख्य संचालक तथा त्यस्ता व्यक्तिको एकासगोलको पति वा पत्नीको मृत्यु भएको अवस्थामा मात्र सदस्य संस्थाले दफा ८ बमोजिम क्षतिपूर्ती दाबी गर्न सक्नेछ ।

**क्षतिपूर्ति दाबी भुक्तानी:**

(१) देहाय बमोजिमको कुनै घटना घटी यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जाको साँवा ब्याज असुल हुन नसकेमा सदस्य संस्थाले कर्जाको बाँकी साँवा ब्याज यस योजनाको अनुसूची-२ बमोजिमको ढाँचामा अनुसूची-३ बमोजिमको विवरण समेत संलग्न गरी कोष समक्ष क्षतिपूर्ती दाबी गर्न सक्नेछन:

- ऋणी प्राकृतिक व्यक्ति भएकोमा निज वा निजको एकासगोलको पति वा पत्नीको मृत्यु वा पुर्ण स्थायी असक्त भएको ।
- ऋणी फर्म वा कम्पनी भएमा त्यस्तो फर्म वा कम्पनीको प्रोपराइटर वा मुख्य संचालक वा निजको एकासगोलको पति वा पत्नीको मृत्यु वा पुर्ण स्थायी असक्त भएको ।
- प्राकृतिक प्रकोपमा परी परियोजना नष्ट भएको।

*द्रष्टब्य: परियोजना नष्ट भन्नाले सदस्य संस्थाको कर्जा लगानीबाट ऋणीले संचालन गरिरहेको परियोजनाको कुनै अंश मात्र नभई सम्पूर्ण परियोजनामा क्षति भएको अवस्थालाई बुझाउनेछ । उदाहरणको लागि एउटा भैंसीपालन व्यवसायलाई परियोजना मानी कर्जा लगानी भएको अवस्थामा उक्त भैंसीको मृत्यु भएको अवस्थामा परियोजना नष्ट भएको मानिनेछ । तर एक भन्दा बढी भैंसीपालन व्यवसायलाई एउटा परियोजना मानी कर्जा लगानी भएको अवस्थामा सबै भैंसीको मृत्यु भएको अवस्थामा मात्र परियोजना नष्ट भएको मानिने छ।*

(२) माथि उल्लिखित दाबीमा कोषले सतप्रतिशत रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

(३) सदस्य संस्थाले उपदफा (१) बमोजिम दाबी पेश गर्दा सुरक्षित कर्जाको क्षतिपूर्ती दाबीभुक्तानी विनियमावली-२०८१ बमोजिमका कागजातका अतिरिक्त उपदफा (१) मा उल्लिखित घटना घटेको पुष्टि हुने देहाय बमोजिमको कागजात कोषमा पेश गर्नु पर्नेछ ।

(क) मृत्यु भई दाबी गरिएको भए,

- ✪ मृत्युदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- ✪ मृतकको ऋणीसँगको नाता प्रमाणीत प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी (मृत्युदर्ता प्रमाणपत्रमा नाता नखुलेमा)
- ✪ अनुसूची-४ बमोजिमको ग्राहक पहिचान विवरण

(ख) स्थायी अशक्तता भई दाबी गरिएको भए,

- ✪ सम्बन्धित निकायले जारी गरेको स्थायी अशक्तताको प्रमाणपत्र
- ✪ अशक्त व्यक्तिको ऋणीसँगको नाता प्रमाणीत प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी (अशक्तता प्रमाणपत्रमा नाता नखुलेमा)
- ✪ अनुसूची-४ बमोजिमको ग्राहक पहिचान विवरण

(ग) पशुधन बाहेक अन्य परियोजना नष्ट भएकोमा स्थानीय प्रशासनले क्षतिको विवरण उल्लेख गरी जारी गरेको पत्र ।

(घ) पशुधनको हकमा स्थानीय निकायको पशु प्राविधिक वा कोषबाट मान्यता प्राप्त पशु प्राविधिकले मृत्युको कारण समेत उल्लेख गरी जारी गरेको मृत्यु प्रमाणित पत्र तथा सदस्य संस्थाले प्रवाह गरेको कर्जाबाट खरिद भएको पशुधनको नै मृत्यु भएको भनी सदस्य संस्थाको प्रतिनिधिले तयार गरेको स्थलगत सरजिमिन मुचुल्का वा निरिक्षण प्रतिवेदन।

(४) सदस्य संस्थाले कोषसँग बाँकी व्याजको क्षतिपूर्ति माग गर्दा दाबी मिति वा कर्जाको अन्तिम भुक्तानी मितिमध्ये अघिल्लो मितिसम्मको मात्र माग गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम दाबी माग भएमा कोषले यस यो जनाको व्यवस्था बमोजिम तीस दिनभित्रमा दाबी भुक्तानी दिनेछ ।

(६) कुनै कारणले कोषले दाबी अस्वीकृत गरेमा सदस्य संस्थाले पैंतीस दिनभित्र पुनरावलोकनका लागि कोषमा निवेदन दिन सक्नेछ।

(७) उपदफा (२) बमोजिमको क्षतिपूर्ति दाबी भुक्तानी र कमलाई सम्बन्धित ऋणीको कर्जा खातामा समायोजन गरी सोही रकम बराबर कोषप्रतिको दायित्व सृजना हुने गरी लेखांकन गर्नु पर्नेछ।

(८) सदस्य संस्थाले उपदफा (६) बमोजिम ऋणीको खातामा समायोजन गरेको रकमको साँवा व्याज गणना तथा असूली कार्य जारी राख्नु पर्नेछ।

### कोषले क्षतिपूर्ति दावी भुक्तानी नदिने अवस्था:

(१) देहायको अवस्थामा कोषले यस योजना बमोजिमको अतिरिक्त दावी भुक्तानी दिने छैन:

(क) सदस्य संस्थाले दफा ५ को उपदफा (१) बमोजिमको सुरक्षण शुल्क नबुझाएमा ।

(ख) दफा ८ को उपदाफा (१) मा उल्लिखित घटना कर्जाको अन्तिम भूक्तानी मिति पछि वा दफा ४ को उपदफा (१) बमोजिमको सम्झौता अगावै घटेको भएमा,

(ग) कर्जाको अन्तिम भुक्तानी मिति अगावै भुक्तानी दावी भई कोषले पहिलो र दोस्रो किस्ता भुक्तानी दिइसकेको भएमा,

(घ) सदस्य संस्थाले पेश गरेको कागजातबाट दफा ८ को उपदफा (१) मा उल्लिखित घटना तथा दफा ७ को उपदफा (१) बमोजिमको ग्राहक पहिचान विवरणमा उल्लिखित व्यक्ति पुष्टी हुन नसकेमा,

(२) जीवन वा निर्जीवन बीमालेखलाई सदस्य संस्थाको हितमा दरपीठ गराई वा त्यस्तो बीमालेखमा अन्य कुनै किसिमले सदस्य संस्थाको सुरक्षण हित कायम हुने गरी प्रवाहित कर्जाको हकमा बीमा दाबी गरी असुल भएको साँवा-ब्याजको हदसम्म कोषले दाबी भुक्तानी दिने छैन ।

### दाबी भुक्तानी फिर्ता गर्नु पर्ने:

(१) कोषबाट दाबी भुक्तानी भएको कर्जा असुलीकोलागि सदस्य संस्थाले प्रचलित कानून बमोजिम कारबाही सुचारु गर्नु पर्नेछ।

(२) कोषबाट दाबी भुक्तानी भएको कर्जा आंशिक वा पूरा असुल उपर भएमा सर्वप्रथम दाबी भुक्तानी वापत प्राप्त भएको रकमको हदसम्म सदस्य संस्थाले कोषलाई फिर्ता गर्नु पर्नेछ।

(३) जीवन वा निर्जीवन बीमालेखमा सदस्य संस्थाको सुरक्षण हित कायम हुने गरी प्रवाहित कर्जाको हकमा बीमा क्षतिपूर्ती वापत प्राप्त रकम कोषले दाबी भुक्तानी गरेको हदसम्म कोषलाई फिर्ता गर्नु पर्नेछ ।

### कर्जा अपलेखन:

कोषबाट दाबी भुक्तानी भएको कर्जाको प्रचलित कानून बमोजिम कोषको स्वीकृति प्राप्त गरे पश्चात मात्र सदस्य संस्थाले कर्जा अपलेखन गर्न सक्नेछ।

### कर्जाको विवरणको अभिलेख राख्नु पर्ने:

सदस्य संस्थाले कोषबाट दाबी भुक्तानी प्राप्त कर्जाको विवरण विद्युतीय प्रणालीमा सुरक्षित रुपमा अभिलेख राख्नु पर्नेछ।

### प्रचलित कानून बमोजिम हुने:

यस योजनामा उल्लेख भएका विषय यसै बमोजिम र यस योजनामा उल्लेख नभएका अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

# संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को आयोजनमा बैंककमा सम्पन्न सम्मेलनमा कोषका प्रमुख कार्यकारी अधिकृतको सहभागिताः

कोषका प्रमुख कार्यकारी अधिकृत श्री रमेश घिमिरे संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को आयोजनामा २०८२ भदौ १० देखि १२ सम्म थाईल्याण्डको राजधानी बैंककमा सम्पन्न "उत्थानशील एशिया प्रशान्त क्षेत्रका लागि समावेशी लगानी संवाद (Inclusive Climate Finance Dialogue for a Resilient Asia Pacific)" विषयक ३ दिने सम्मेलनमा भाग लिनु भएको थियो । उक्त कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत घिमिरेले आगामी दिनमा यस क्षेत्रको उत्थानशील विकासका लागि निजी तथा सार्वजनिक क्षेत्र, दातृ निकाय, अन्तर्राष्ट्रिय विकास साझेदार लगायतका सरोकारवालाबीचको सामूहिक सहभागितामा समिश्रीत लगानी (Blended Finance) अवधारणामा आधारित के कस्ता नवीनतम सुरक्षण उपकरण (Innovative Guarantee Instruments) मार्फत जलवायुमा समावेशी लगानी प्रोत्साहित गर्न सकिन्छ भन्ने सम्बन्धमा आफ्ना दृष्टिकोण प्रस्तुत गर्नुभएको थियो ।






# कोषको विभिन्न रिक्त पदको नतिजा प्रकाशन तथा अवकाश

कोषको रिक्त रहेको तह ९- प्रबन्धक, तह ६- कम्प्युटर सहायक अधिकृत र तह ५- प्रधान सहायक प्रशासन पदमा खुला तथा समावेशी प्रतिस्पर्धाबाट पदपूर्तिका लागि लिइएको लिखित परीक्षा तथा अन्तर्वाताबाट निम्न संख्यामा उम्मेदवारहरु सिफारिस भएका छन् ।

| क्र.सं. | तह | पद | सिफारिस संख्या | नतिजा प्रकाशन मिति |
|---|---|---|---|---|
| १. | ९ | प्रबन्धक | १ | २०८२/०६/२५ |
| २. | ६ | कम्प्युटर स. अधिकृत | १ | २०८२/०६/२५ |
| ३. | ५ | प्रधान सहायक | खुला-२ र पि.क्षे.-१ (जम्मा ३) | २०८२/०६/२९ |

त्यसैगरी तपसिलमा उल्लिखित मितिमा देहाय बमोजिमको कर्मचारीहरुले स्वेच्छिक राजिनामा दिई कोषको सेवाबाट अलग हुनु भएको छ ।

| क्र.सं. | तह | पद | उम्मेदवारको नाम, थर | अवकाश मिति |
|---|---|---|---|---|
| १. | ६ | सहायक अधिकृत | रामचन्द्र पराजुली | २०८२/०५/०२ |

# तालिम कार्यक्रमः

## नयाँ कर्जा सुरक्षण कार्यक्रम अभिमुखीकरण तालिम

कोषको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयका कर्मचारीहरुको सहभागितामा मिति २०८२ भाद्र १९ देखि २१ गते सम्म भरतपुर चितवनमा कोषको नयाँ कर्जा सुरक्षण कार्यक्रम योजना "लघु कर्जा अतिरिक्त सुरक्षण तथा प्रादेशिक सुरक्षण योजना"का सम्बन्धमा अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो ।




त्यस अवसरमा कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले नयाँ कर्जा सुरक्षण कार्यक्रमको सम्बन्धमा सम्पूर्ण सहभागी कर्मचारीहरुलाई जानकारी दिनुभएको थियो । उक्त कार्यक्रममा कर्मचारीहरुले कार्य स्थलमा आईपर्न सक्ने समस्याहरुका सम्बन्धमा आफ्ना जिज्ञासाहरु राखेका थिए भने प्रमुख कार्यकारी अधिकृतले त्यस्त समस्यालाई समाधान गर्ने उपायहरु बताउनु भएको थियो ।

## बाह्य तालिम कार्यक्रममा सहभागिता

विभिन्न संस्थाहरुले आयोजना गरेको तालिम कार्यक्रममा पछिल्लो ६ महिनामा देहाय बमोजिमका कर्मचारीहरु सहभागी भएका छन् :

| S.N. | तालिमको विवरण | आयोजक संस्था | सहभागी कर्मचारी |
|---|---|---|---|
| 1. | Global Economic & Technological Landscape: Strengthening Growth Ensuring Stability and Embracing Innovation | Banking, Finance & Insurance Institute of Nepal | विक्रान्त आचार्य |
| | | | नबीन भट्टराई |
| 2. | Understanding The Intricacies Of Public Procurement | नेपाल चार्टर्ड एकाउण्टेन्ट संघ | अन्जना खनाल |
| | | | विनोद जि.सी. |
| 3. | Server & Cloud Training Course | Technotri Pvt. Ltd. | राजु के.सी. |
| 4. | Training of Trainers | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | विदुर पराजुली |
| | | | अच्युत पन्त |
| 5. | नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) | महालेखा नियन्त्रकको कार्यालय | दिक्षा आचार्य |
| 6. | Positive Attitude & Stress Management Training Program | Nepal Yoga Institute & Retreat Pvt. Ltd. | कृष्ण बराल |
| | | | सतेन्द्र कुमार महतो |

## Knowledge Exchange Program मा सहभागीताः

कोषको वार्षिक नीति कार्यक्रम बमोजिम कर्मचारीहरुलाई आन्तरिक तथा वैदेशिक अध्ययन भ्रमणमा सहभागी गराउने क्रममा बाह्य मुलुकका कर्जा सुरक्षण गर्ने निकायहरुसँग ज्ञान आदानप्रदान कार्यक्रममा सहभागी गराउने सिलसिलामा मिति २०८२/०३/१५ देखि २४ सम्म कम्बोडिया र फिलिपिन्समा यस कोषबाट नायब प्रमुख कार्यकारी अधिकृत श्री उषा पौडेल र नायब प्रबन्धक अच्युत पन्तले सहभागिता जनाउनु भएको थियो ।



भ्रमणको क्रममा कम्बोडियाको कर्जा सुरक्षण गराउने संस्था क्रेडिट ग्यारेन्टी कर्पोरेसन अफ कम्बोडिया (CGCC) र फिलिपिन्सको कर्जा सुरक्षण गर्ने संस्था फिलिपिन ग्यारेन्टी कर्पोरेसन(PhilGuarantee)सँग उनीहरुको मुलुकमा कर्जा सुरक्षण कार्यक्रम के-कसरी संचालन भईरहेको छ भनी जानकारी लिनुका साथै यस कोषले अनुसरण गर्न सक्ने असल अभ्यासहरुको बारेमा छलफल गरिएको थियो ।

CGCC ले स्थापनाको छोटो समयमा नै गरेका Product Design तथा Process automation को सम्बन्धमा जानकारी हासिल हुनुका साथै कोषले सञ्चालन गरेका कार्यक्रमहरुको सम्बन्धमा जानकारी प्रदान गरिएको थियो । कोषले ज्ञान आदानप्रदान कार्यक्रमका लागि कम्बोडियाको CGCC संस्थालाई छनोट गरेकोमा त्यहाको प्रमुख कार्यकारी अधिकृत श्री नो लिडाले आभार व्यक्त गर्नुभएको थियो ।

त्यसै गरि PhilGuaranteeले निम्न वर्गको वित्तीय पुहँच वृद्धिका लागि सञ्चालन गरेका कार्यक्रमहरुको जानकारी लिई कोषको फरक कार्यक्रमहरुको जानकारी प्रदान गरिएको




थियो। यस संस्थाका प्रमुख कार्यकारी अधिकृत एलबर्तो ई. पास्स्युलले यस किसिमका कार्यक्रमले आपसी सहकार्य र सम्बन्धलाई मजबुत बनाउदै कर्जा सुरक्षणलाई परिस्कृत गर्न सहयोग गर्ने वताउनु भयो ।

यस ज्ञान आदानप्रदान कार्यक्रमको दौरानमा दुवै संस्थाका पदाधिकारीहरुले कोषको निक्षेप सुरक्षण कार्यक्रम र पशुधन सुरक्षण कार्यक्रम समेत सञ्चालन गरेको विषयमा विशेष चासो व्यक्त गर्नुभएको थियो ।

## अनुभव साटासाट कार्यक्रममा सहभागीताः

कोष र CGTMSE India बीच भएको सम्झौता बमोजिम कोषको कर्मचारी आदानप्रदान सम्बन्धी कार्याविधि, २०८१ बमोजिम कोषको तर्फबाट अनुभव साटासाट गर्न भारतको कर्जा सुरक्षण गर्ने संस्था CGTMSE मुम्बई गई मिति २०८२।०१।०७ देखि १३ सम्म कोषका कर्मचारीहरु सहायक अधिकृत अन्जना खनाल र प्रधान सहायक सविता दाहालले कार्यक्रममा सहभागिता जनाउनु भएको थियो । उक्त कार्यक्रममा CGTMSE India द्वारा निम्न शिर्षकमा आफ्नो काम कारवाहीको बारेमा छुट्टा छुट्टै जानकारी प्रदान गरिएको थियो ।

» Credit Guarantee Scheme Overview.
» Guarantee Section (CGS I)– MLI registration
» Guarantee Lodgment Fee Collection.
» Understanding the updating of outstanding & disbursement amount, fee payment.



- » Understanding the process & System of NPA Marking.
- » NPA upgradations & System of 1st & 2nd claim settlement.
- » Revival (CGS I)– Understanding the nuances
- » NBFC (CGS II)
- » Inspection



उल्लिखित जानकारी मार्फत CGTMSE के कसरी कार्य गरिरहेको छ भन्ने बारेमा स्पष्ट जानकारी हुनका साथै नेपालको कर्जा सुरक्षणका विभिन्न कार्यक्रम, सुरक्षण प्रक्रिया र दाबी भुक्तानी प्रक्रियाको बारेमा आफ्नो तर्फबाट जानकारी दिईएको थियो। CGTMSE को कार्य प्रक्रिया र कर्जा सुरक्षण कोषको कार्य प्रक्रिया बिच कार्यक्रममा सहभागी कर्मचारीको अध्ययनबाट मुख्यतया निम्न लिखित बुँदाहरुमा फरक देखियो:

- » Provision of Annual Fee.
- » Category of Premium.
- » Discount in premium on Geographically, Social Category and MES Status.
- » Auto approval up to 10 lakhs.
- » Revival Process.
- » Strong system.
- » Paperless Working Culture.
- » HR management with fruitful result.
- » Inspection by outer source (auditor).
- » Vital role of NPA in claim process.
- » Lock period.
- » Scheme for co–landing.

समग्रमा यस कार्यक्रममा सहभागी भई CGTMSE को काम कारवाहीको बारेमा जानकारी प्राप्त हुनुका साथै आगामी दिनमा नेपालमा CGTMSE को उपस्थिति गराई कर्मचारी आदान प्रदान कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गरिएको थियो। भारत जस्तो भूगोल तथा जनसंख्यात्मक रुपमा नेपाल भन्दा ठूलो देशले जसरी एउटा बलियो प्रणाली मार्फत थोरै जनशक्ति परिचालन गरी परिमाणात्मक हिसाबमा धेरै काम गरेको छ, त्यसको अनुसरण गरी नेपालमा पनि कर्जा सुर क्षण कार्यक्रमलाई उपलब्धी मूलक बनाउन सकिने अध्ययनमा सहभागी कर्मचारीहरुको निष्कर्ष रहेको छ।

## पुरूष फुटसल तथा महिला ब्याडमिन्टन प्रतियोगिता सञ्चालन:

कोषको ५२औं वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालय तथा शाखा कार्यालयका कर्मचारीहरुको सहभागितामा मिति २०८२ भाद्र १९ देखि २१ गते सम्म चितवनमा पुरुष फुटसल तथा महिला ब्याडमिन्टन प्रतियोगिता आयोजना गरिएको थियो। उक्त प्रतियोगितामा पुरुष फुटसल प्रतियोगितामा केन्द्रीय



कार्यालय र शाखा कार्यालयबाट गरी जम्मा चार टिमको सहभागिता भएको थियो। सहभागी टिम मध्येबाट अच्युत पन्तको नेतृत्वमा रहेको टिम डाँफेले प्रतियोगिता जितेको थियो भने राजु के.सी.को नेतृत्वमा रहेको टिम राईनो उपविजेता भएको थियो। प्रतियोगितालाई पुर्ण बहादुर खड्काको नेतृत्वमा रहेको टिम लालीगुँरास र नारायण बिष्टको नेतृत्वमा रहेको टिम कालिजको खेलले समेत रोमाञ्चक बनाएको थियो। त्यसैगरी सोही अवसरमा आयोजना गरिएको महिला ब्याडमिन्टन प्रतियोगितामा उपस्थित सम्पूर्ण महिला प्रतिस्पर्धीहरुलाई पछि



पार्दै प्रतिस्पर्धी पुष्पा भट्टले उपाधी जित्नुभएको थियो भने कमला पौडेल उपविजेता बन्नु भएको थियो।

# पत्रपत्रिकाबाट

**अर्थतन्त्र**

लघु कर्जामा पूर्ण सुरक्षा दिने 'अतिरिक्त सुरक्षण योजना' सार्वजनिक
ऋणीको मृत्यु वा परियोजना नष्ट भएमा शतप्रतिशत दाबी भुक्तानी



भक्तपुर : निक्षेप तथा कर्जा सुरक्षण कोषले ऋणीको मृत्यु, अशक्तता वा परियोजना पूर्ण रूपमा नष्ट भई कर्जाको जोखिम हुने अवस्थालाई सम्बोधन गर्न 'लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२' सार्वजनिक गरेको छ। भक्तपुरमा आज आयोजित विशेष समारोहमा कोषले योजना घोषणा गरेको हो।

कार्यक्रममा 'क', 'ख', 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरूका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत तथा लघु कर्जा विभागका प्रमुखहरू सहभागी थिए।

**अत्तरिया अनलाइन**

धनगढीमा एक दिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम आयोजना

अत्तरिया अनलाइन // २०८२ जेठ १५, बिहीबार १०:५७



अत्तरिया– कैलालीको धनगढीमा एक दिने कर्जा तथा पशुधन सुरक्षण सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम आयोजना गरिएको छ। निक्षेप तथा सुरक्षण कोषले धनगढीस्थित पौवा होटलमा बुधबार सो कार्यक्रम सञ्चालन गरेको हो।

**BFIS NEWS**

कर्जा निक्षेप सुरक्षण कोषको रूपान्तरण रमेश घिमिरेको नेतृत्वमा देखिएको नवी दिशा

अरुण सापकोटा 2025 Jun 13 20:46




**कान्तिपुर**

समाचार

## बागमती सरकारले आईटी क्षेत्रमा ५ सय जनालाई रोजगारी दिने

वैशाख २९, २०८२ | प्रताप विष्ट



Read in English

हेटौंडा — बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्रालयले सूचना प्रविधि (आइटी) क्षेत्रमा करिब ५ सय जनालाई रोजगारी दिने भएको छ। मन्त्रालयले

**CORPORATE NEPAL**

गृहपृष्ठ / बैंक/वित्त

## लघु कर्जामा हुनसक्ने नोक्सानीमा सुरक्षण प्रदान गर्न कोषले ल्यायो अतिरिक्त सुरक्षण योजना

कर्पोरेट नेपाल




काठमाडौं। निक्षेप तथा कर्जा सुरक्षण कोषले ऋणीको मृत्यु, अशक्तता वा परीयोजना नष्ट भई बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित लघु कर्जामा हुनसक्ने नोक्सानीको क्षतिविरुद्ध सुरक्षण प्रदान गर्ने उद्देश्यले लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ प्रचलनमा ल्याएको छ।

भक्तपुरमा आइतबार आयोजित एक कार्यक्रमबीच कोषले उक्त योजना सार्वजनिक गरेको हो। कार्यक्रममा क ख ग र घ वर्गका बैक तथा वित्तीय संस्थाहरुका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत एवं संस्थाका लघु कर्जा विभागका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो।

**Bikash News**

## कृषि कर्जा सुरक्षण योजनाबारे सरोकारवाला सु अन्तर्क्रिया सम्पन्न



काठमाडौं। युएनडीपीको सहकार्यमा निक्षेप तथा कर्जा सुरक्षण कोषले आयोजना गरेको 'एग्री सीजीएस प्रोडक्ट्स डिजाइन स्टेकहोल्डर्स फिडब्याक' विषयक आधा दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

काठमाडौंको रोयल सिङ्गी होटलमा सम्पन्न कार्यक्रममा कोषका पदाधिकारी, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, कर्जा विभागका विभागीय प्रमुखलगायतका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

**bizशाला**

'लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२' प्रचलनमा, रु.१० लाखसम्मको कर्जाको सुरक्षण



काठमाण्डौ। निक्षेप तथा कर्जा सुरक्षण कोषले लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २ प्रचलनमा ल्याएको छ। कोषले ऋणीको मृत्यु,अशक्तता वा परीयोजना नष्ट भई बैंक तथा वि संस्थाबाट प्रवाहित लघु कर्जामा हुन सक्ने नोक्सानीको क्षति विरुद्ध सुरक्षण प्रदान गर्ने उदेश्यले योजना प्रचलनमा ल्याएको हो।

**Business NewsNepal**

## निक्षेप तथा कर्जा सुरक्षण कोषले ल्यायो लघु क अतिरिक्त सुरक्षण योजना, २०८२ प्रचलनमा



निक्षेप तथा कर्जा सुरक्षण कोषले ऋणीको मृत्यु, अशक्तता वा परियोजना नष्ट भई बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित लघु कर्जामा हुन सक्ने नोक्सानीको क्षति विरुद्ध सुरक्षण प्रदान गर्ने उदेश्यले लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ प्रचलनमा ल्याएको छ।



कर्पोरेट समाचार

# निक्षेप तथा सुरक्षण कोषको एकदिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न

कर्पोरेट समाचार ⏲ १४ जेठ २०८२, बुधवार

धनगढी । निक्षेप तथा सुरक्षण कोषले एकदिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सञ्चालन गरेको छ ।

उक्त कार्यक्रम जेठ १४ गते धनगढीको होटल फ्लोरामा(पौवा होटल) सञ्चालन गरिएको हो । कोषका प्रवन्धक श्री मन्दिरा थपलियाको सभापतित्वमा सुदुरपश्चिम प्रदेश स्वोरोजगार विकास कोषका उप कार्यकारी निर्देशक पविन्द्र शाहीको प्रमुख आथित्यमा होटल फ्लोरामा(पौवा होटल) आयोजित यो कार्यक्रममा सुदुरपश्चिम प्रदेशका वित्तीय संस्थाका प्रदेश प्रमुख, बैक तथा वित्तीय संस्थाका शाखा प्रमुख तथा विभिन्न बैंक तथा वित्तीय संस्था र कोषकाका प्रतिनिधि र स्थानीय सञ्चारकर्मीहरुको उपस्थिति



धनगढी खबर

# निक्षेप तथा सुरक्षण कोषको एकदिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न

निक्षेप तथा सुरक्षण कोषले सञ्चालन गरेको एकदिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सम्पन्न भएको छ ।

धनगढी । निक्षेप तथा सुरक्षण कोषले सञ्चालन गरेको एकदिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम जेठ १४ गते धनगढीको होटल फ्लोरामा (पौवा होटल) सञ्चालन गरिएको हो ।



Kailali Khabar

# निक्षेप तथा सुरक्षण कोषको एकदिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न

कैलाली खबर

गढी,जेठ १५ गते । निक्षेप तथा सुरक्षण कोषले एकदिने कर्जा तथा पशुधन सुरक्षणसम्बन्धी अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम हिजो धनगढीको होटल फ्लोरामा (पौवा होटल) सञ्चालन गरिएको हो । कोषका प्रवन्धक श्री मन्दिरा थपलियाको सभापतित्वमा सुदुरपश्चिम प्रदेश स्वोरोजगार विकास कोषका उप कार्यकारी निर्देशक पविन्द्र शाहीको प्रमुख आथित्यमा होटल फ्लोरामा (पौवा होटल) आयोजित यो कार्यक्रममा






लुम्बिनी फ्रिडम मिडिया प्रा.लि द्वारा संचालित

Tilottamacity news

# निक्षेप कर्जा सुरक्षण कोषको आयोजनामा तिलोत्तमामा एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न

मोहन न्यौपाने - 2025 May 30 09:57 PM

मणिग्राम। निक्षेप तथा कर्जा सुरक्षण कोष शाखा कार्यालय बुटवलको आयोजनामा एकदिने कर्जा सुरक्षण सम्बन्धि गोष्ठी सम्पन्न भएको छ । नविन सुरक्षण कार्यक्रमहरु मार्फत सुचना प्रबिधि क्षेत्रको वृद्धि गरी नेपाल सरकारको सुचना प्रबिधिनीतिलाई आत्मसाथ गर्ने अभिप्रायले ड्रीमल्याण्ड होटल मणिग्राममा शुक्रबार उक्त कार्यक्रम सम्पन्न भएको हो। गोष्ठीमा कर्जा सुरक्षण तथा रोजगारमुखी सिप बिकास तालिम कर्जा सुरक्षण योजना सम्बन्धमा छलफल तथा अन्तरक्रिया भएको थियो।

बिहान ११ बजेदेखि आयोजित उक्त कार्यक्रममा बैंक तथा बित्तिय संस्थाका प्रतिनिधीहरु,कर्मचारीहरु,बैंक वित्तीय संस्थाका प्रमुख कार्यकारीहरु लुम्बिनी बाणिज्य क्याम्पसका प्रतिनिधि, केएनपीआइका प्रतिनिधि,तथा उच्च पदस्थ कर्मचारीहरु,रोजगार संयोजक, सुचना प्रबिधि कम्पनीका संचालक तथा कर्मचारीहरु, युवाउद्यमी लगायत कोषका कार्यकारी प्रमुख लगायतको उल्लेख्य सहभागीता रहेको थियो ।



motivate news

# युएनडीपीको सहकार्यमा निक्षेप तथा कर्जा सुरक्षण कोषद्वारा आयोजित अन्तरक्रिया सम्पन्न

मोटिभेट न्यूज संवाददाता प्रकाशित मिति : शुक्रबार, असार १३ २०८२ 5.3K SHARES

काठमाडौं – काठमाडौंको रोयल सिंगी होटलमा यस (UNDP) को सहकार्यमा निक्षेप तथा कर्जा सुरक्षण कोषले आयोजना गरेको (Agri CGS Product Design – Stakeholders Feedback) विषयक आधा दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा कोषका पदाधिकारीहरु, बिभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, कर्जा विभागका विभागीय प्रमुखहरु तथा अन्य प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

अर्थतन्त्रको दिगो विकासको लागि कृषि क्षेत्रमा संस्थागत कर्जाको विस्तार गर्न त्यस्तो क्षेत्रमा प्रवाह हुने कर्जाको जोखिम न्यूनीकरण गरी लगानी बढाउन आवश्यक रहेको तथ्यलाई दृष्टिगत गरी कोषले तर्जुमा गर्न लागेको नयाँ कृषि कर्जा सुरक्षण योजना (Indivisual Agriculture Guarantee Scheme) का सम्बन्धमा सरोकारवालाहरुको राय सुझाव लिने यस अन्तरक्रिया कार्यक्रमको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ ।



nepal raibar

Nov 25 2025 | मंगलवार, मंसिर ९ गते २०८२

# कर्जा सुरक्षण कोषले ल्यायो लघु कर्जा [...]क्षण योजना

[...]ार , श्रावण १८, २०८२ 1.4K Shares

[...]षले ऋणीको मृत्यु, अशक्तता वा परीयोजना नष्ट भई बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित लघु कर्जामा [...]विरुद्ध सुरक्षण प्रदान गर्ने उदेश्यले लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ प्रचलनमा ल्याएको छ।



संसारन्यूज

हामी सबैको संसारन्यूज

# निक्षेप तथा कर्जा सुरक्षण कोषको लघु कर्जा अतिरिक्त सुरक्षण योजना प्रचलनमा

Sansar News ⏲ वि.सं.२०८२ साउन १९ सोमवार 2.9K shares

काठमाडौं । निक्षेप तथा कर्जा सुरक्षण कोषले ऋणीको मृत्यु, अशक्तता वा परीयोजना नष्ट भई बैंक तथा वित्तीय संस्था प्रवाहित लघु कर्जामा हुन सक्ने नोक्सानीको क्षति विरुद्ध सुरक्षण प्रदान गर्ने उदेश्यले लघु कर्जा अतिरिक्त सुरक्षण योज[...] २०८२ प्रचलनमा ल्याएको छ ।

भक्तपुरमा आयोजित एक कार्यक्रम बीच कोषले उक्त योजना सार्वजनिक गरेको हो । कार्यक्रममा 'क' 'ख' 'ग' र 'घ' वर्गका तथा वित्तीय संस्थाहरुका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत एवं संस्थाका लघु कर्जा विभा[...] प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो ।

## कोषको संचालनमा रहेको निक्षेप तथा कर्जा सुरक्षणका कार्यक्रमहरू:




lglfk ;'/lf0f




n3'tyf ljkGg ju{shf{;'/lf0f




s[lif shf{;'/lf0f




;fgf tyf demf}nf shf{;'/lf0f




;xlnot kf0f{shf{;'/lf0f




:6f6{ck shf{;'/lf0f

**प्रकाशक**
निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाडौं

**सल्लाहकार**
श्री रमेश घिमिरे,
प्रमुख कार्यकारी अधिकृत

**सम्पादक समूह**
श्री नबीन भट्टराई
श्री राम बहादुर के.सी.
श्री अच्युत पन्त

**डिजाइन/लेआउट**
श्री श्याम कृष्ण शाही




kz'wg ;'/lf0f